"पर्यटन, पूर्वाधार, कृषि क्षेत्रमा लगाऔ सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !!"

# पञ्चकन्या गाउँपालिकाको

# बिनियोजन ऐन,२०८०

## गाउँसभावाट स्वकृीत मितिः २०८०/०३/१० गते



## पञ्चकन्या गाउँपालिका

## लाकुरीभञ्ज्याङ, नुवाकोट

## विक्रम संवत् २०८० साल असार १० गते

# पञ्चकन्या गाउँपालिकाको

# बिनियोजन ऐन, २०८०

**पञ्चकन्या गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था बनेको ऐन ,**

**गाउँसभाबाट स्वीकृत मिति २०८०/०३/१० गते**

**प्रस्तावनाः**

पञ्चकन्या गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको सविधानको धारा २२९ उपधारा २ बमोजिम पञ्चकन्या गाउँपालिकाको गाउँसभाबाट पारित गर्न यो विधेयक प्रस्तुत गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम **"पञ्चकन्या गाउँपालिकाको विनियोजन ऐन, २०८०"** रहने छ ।

**यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।**

**२.आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ४४,४५,९७,०००। (अक्षेरुपी चवालीस करोड पैचालीस लाख सन्तानब्वे हजार रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त पञ्चकन्या गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेकोरकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।
(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ सभाको बैठक नबसेको अवस्थामा गाउँकार्यपालिकालाई कुनै एक रकम कुनै श्रोतबाट प्राप्त भएको अवस्थामा सो रकम कार्यक्रम बनाई गाउँकार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्ने छ । यस्तो खर्च लगतै वस्ने गाउँसभाबाट अनुमोदन गराउँनु पर्ने छ । एक शीर्षकबाट अर्को शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्नेगरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँपालिका | २७०२६२ | १३६७५० | - | ४०७०१२ |
| २ | | वडागत | - | २१५३५ | - | २१५३५ |
| ३ | | विषयगत | १६०५० | - | | १६०५० |
| ४ | | ऋिणको साँवा र व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ ऋिण) | | | | |
| | | जम्मा | २८,६३१२ | १५८२८५ | | ४४४५९७ |